# स्थानीय राजपत्र

खाँडादेवी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड १) माकादुम, रामेछाप, साउन १ गते, २०७४ साल (संख्या ७

## भाग १

## खाँडादेवी गाउँपालिका

खाँडादेवी गाउँपालिकाको गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### संवत् २०७४ सालको ऐन नं. २

खाँडादेवी गाउँपालिका

# खाँडादेवी गाउँपालिकाको आर्थिक बर्ष २०७४/२०७५ को सेवा र कार्यहरुको लागी स्थानिय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा ब्यवस्था गर्न बनेको ऐन ।

**प्रस्तावनाः**

खाँडादेवी गाउँपालिकाको आर्थिक बर्ष २०७४/७५ को सेवा र कार्यहरुको लागी सञ्चित कोषबाट केही रकम खर्च गर्न अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९को उपधारा (२) बमोजिम खाँडादेवी गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**(१) यस ऐनको नाम "खाँडादेवी गाउँपालिकाको विनियोजन ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **आर्थिक बर्ष २०७४/७५ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१)आर्थिक बर्ष २०७४/७५ को निमित्त गाउँ कार्यपालिका , वडा समिति , बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लिखित चालू खर्च , पुँजिगत खर्च र वितिय ब्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ३२,३२,०५,०००।-(अक्षेरुपी बत्तिस करोड बत्तिस लाख पाँच हजार रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक बर्ष २०७४/७५ को निमित्त खाँडादेवी गाउँपालिकाको गाउँ कार्यपालिका ,वडा समिती र बिषयगत शाखाले गर्न सेवा र कार्यहरुको निमित्त बिनियोजन गरिनेछ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतपनि कार्यपालिका , वडा समिती र बिषयगत शाखाले गर्न सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षक बाट नपुग हुने शीर्षकमा रकम सार्न सकिनेछ। यसरी रकम सार्दा एक शीर्षक बाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशत मा नबढने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षक हरुमा रकम सार्न तथा निकासा  र खर्च जनाउन सकिनेछ । पुँजिगत खर्च र वितिय ब्यवस्था तर्फ बिनियोजित रकम साँवा भुक्तानी खर्च र व्यास भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चाँलु खर्च शीर्षक तर्फ सार्न र वितिय ब्यवस्था अन्तर्गत साँवा भक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन

तर चाँलु तथा पुँजिगत खर्च र बित्तिय व्यबस्थाको खर्च व्यहोर्न एक स्रोत बाट अर्क स्रोत मा रकम सार्न सकिनेछ ।

(३)उपदफा(२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत  भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षक हरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

## अनुसूची -१
### (दफा २ सँग सम्बन्धित)
### नेपालको संविधानको धारा २२९ (२) बमोजिम
### सञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.स | अनुदान सङ्ख्या | शीर्षकको नाम | चालु खर्च | पुँजीगत खर्च | वित्तिय व्यबस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| | | गाउँ कार्यपालिका | ४८८८६.५ | १४५४५९.५ | | १९४३४६।- |
| | | बिषयगत शाखा | | | | १२९२५९।- |
| | | ऋण को साँवा व्याज भुक्तानी | | | | |
| | | लगानी ( शेयर-ऋण | | | | |

**सभाबाट पारित मिति: २०७४।०३।३०**
**प्रमाणीकरण मिति: २०७४।०४।०१**

**आज्ञाले,**
**दुर्गा कुमारी दाहाल**
**प्रमुख प्रशासकीय अधिकृत**





खाँडादेवी गाउँपालिका